नेपाल सरकार
कृषि, वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम

# कार्यक्रम कार्यान्वयन एकाइ, कपिलवस्तु

प.सं. : २०८३/८४
च.नं. :

फोन नं. :- ०७६-५५०३४७
इमेल :-pmamp.piu.kapilvastu@gmail.com
वेभसाइट :- www.kapilvastu.pmamp.gov.np

## आ.व. २०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना

### सूचना नं. ०३/२०८३/८४

**प्रथम पटक प्रकाशित मितिः २०८३/०४/२५**

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, कपिलवस्तुको चालु आ.व. २०८३/०८४ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार धान सुपरजोन, माछा जोन र तरकारी जोनको कार्यक्षेत्रमा तपसिलका कार्यक्रमहरु सञ्चालन गर्न यस एकाइ अन्तर्गत सुचिकृत भएका कृषक समूह/कृषि सहकारी /निजी फर्म/कम्पनी/वन/जल उपभोक्ता समितिहरुले एकाइले माग गरेको तपसिल अनुसारका कागजात सहित ३० (तीस) दिन अर्थात मिति २०८३/०५/२३ गते भित्र आवेदन पेश गरी दर्ता गर्नुहुन सम्बन्धित सबैमा यो जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। साथै कार्यक्रम सञ्चालन हुने कार्यक्षेत्र, प्रस्तावको ढाँचमा एवं त्यसका लागि न्यूनतम मापदण्ड, अनुदानको सिमा तथा सर्तहरु कार्यक्रम कार्यान्वयन म्यानुअल-२०७७, पहिलो संशोधन २०८१ बमोजिम हुने र सो म्यानुअल कार्यक्रम कार्यान्वयन एकाइ, कपिलवस्तुको वेबसाइटबाट प्राप्त गर्न सकिनेछ।

तपसिलः

| क्र. सं. | कार्यक्रम बिवरण | एकाइ | लक्ष्य | स्वीकृत बजेट रु. लाखमा | कैफियत |
|---|---|---|---|---|---|
| **कपिलवस्तु जिल्लाभर सञ्चालन गर्न सकिने कार्यक्रमहरु** | | | | | |
| १ | चैते धानको क्षेत्रफल विस्तार | हेक्टर | २५ | ४ | कार्यक्रम कार्यान्वयन म्यानुअल, २०७७ बमोजिम हुने । |
| २ | सिंचाइ पुर्वाधार निर्माण तथा मर्मत सम्भार (चैते धान प्रवर्द्धन कार्यक्रम) | संख्या | ५ | १० | |
| **कार्यक्रम कार्यान्वयन एकाइ, कपिलवस्तुको जोन/सुपरजोनको कार्यक्षेत्रमा सञ्चालन गर्न सकिने कार्यक्रमहरु** | | | | | |
| १ | चक्लाबन्दीमा आधारित खेती मार्फत उत्पादन बृद्धिका लागि सहयोग (Land consolidation/ Crop consolidation/यन्त्र मैत्री गह्रा सुधार) | संख्या | १ | १० | कार्यक्रम कार्यान्वयन म्यानुअल, २०७७ बमोजिम हुने । |
| २ | भण्डारण , प्रथामिक प्रशोधन वा प्रशोधन उधोग स्थापना | संख्या | १ | १४ | |
| **तरकारी जोन, कपिलवस्तुको कार्यक्षेत्रको लागि मात्र** | | | | | |
| १ | तरकारी खेतीमा प्रविधि विस्तार कार्यक्रम | हेक्टर | १५ | १०.५ | कार्यक्रम कार्यान्वयन म्यानुअल, २०७७ बमोजिम हुने । |
| २ | जोन/सुपरज़ोन क्षेत्रमा कृषि यान्त्रीकरण सहयोग | पटक | १ | १२ | |
| ३ | सिंचाइ पुर्वाधार निर्माण तथा मर्मत सम्भार | संख्या | ८ | १२ | |
| ४ | जोन/सुपरजोनमा उत्पादित बाली/वस्तुको पोष्ट हार्भेष्ट क्षति न्यूनीकरण, प्याकेजिङ, लेबलिङ, बजारीकरण सहयोग | पटक | १ | ३ | |

राकेश कुमार ओझा
वरिष्ठ कृषि अधिकृत

नेपाल सरकार
कृषि, वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम

# कार्यक्रम कार्यान्वयन एकाइ, कपिलवस्तु

फोन नं. :- ०७६-५५०३४७
इमेल :-pmamp.piu.kapilvastu@gmail.com
वेभसाइट :- www.kapilvastu.pmamp.gov.np

प.सं. : २०८३/८४
च.नं. :

| | | | | | |
|---|---|---|---|---|---|
| **माछा जोन, कपिलवस्तुको कार्यक्षेत्रको लागि मात्र** | | | | | |
| १ | माछा पोखरी मर्मत सुधार सहयोग | हेक्टर | २५ | २५ | कार्यक्रम कार्यान्वयन म्यानुअल, २०७७ बमोजिम हुने । |
| २ | जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रीकरण सहयोग | पटक | १ | ८ | |
| ३ | सिंचाइ पुर्वाधार निर्माण तथा मर्मत सम्भार | संख्या | ६ | ९ | |
| **धान सुपरजोन, कपिलवस्तुको कार्यक्षेत्रको लागि मात्र** | | | | | |
| १ | आधुनिक धान रोप्ने मेसिन (नर्सरी ट्रे सहित) खरिद | वटा | १ | १८ | कार्यक्रम कार्यान्वयन म्यानुअल, २०७७ बमोजिम हुने । |
| २ | जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रीकरण सहयोग | पटक | १ | १८ | |
| ३ | सिंचाइ पुर्वाधार निर्माण तथा मर्मत सम्भार | संख्या | ८ | १२ | |

**आवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु**

१. अनुसुचि-१० फाराम भरि अनुमानित लागत ईष्टिमेट प्रष्ट खुलाई पेश गर्ने (अनुसुचि-१० फर्मेट कार्यालयको वेबसाईट www.kapilvastu.pmamp.gov.np बाट download गर्न सकिनेछ)।
२. प्रस्तावकको नेपाली नागरिकताको प्रतिलिपि।
३. जग्गा/जमिनको जग्गाधनी प्रमाण-पूर्जाको प्रतिलिपि (जग्गाको न्यूनतम मापदण्ड पुरा हुनुपर्नेछ)।
४. कृषक समुह/कृषि सहकारी संस्था/वन/जल उपभोक्ता समिति/कम्पनी/कृषि उद्यमी (फर्म) दर्ता प्रमाण पत्रको प्रतिलिपि।
५. स्थायी लेखा नम्बर दर्ता (PAN) प्रमाण पत्रको प्रतिलिपी।
६. आ.व. २०८२/०८३ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी।
७. कृषक समुह/कृषि सहकारी संस्था/वन/जल उपभोक्ता समिति/कम्पनी/कृषि उद्यमी (फर्म) को कार्यक्रम माग गरेको निर्णय प्रतिलिपि।
८. निर्माण/कार्यक्रम (भण्डारण, प्राथमिक प्रशोधन वा प्रशोधन उद्योग) सञ्चालन गरिने स्थान समूह/सहकारी/कम्पनी/फर्मको नाममा रहेको जग्गा/जमिनको जग्गाधनी प्रमाण-पूर्जाको प्रतिलिपि।
९. गत आ.व.हरूमा चैते धान क्षेत्रफल विस्तार अन्तर्गत क्षेत्र विस्तार कार्यक्रम प्राप्त गरेका समूह/सहकारी/फर्मले थप क्षेत्र विस्तारका लागि मात्र निवेदन दिन पाउने।
१०. करारमा जग्गा लिएको भए कम्तिमा ५ बर्षको करार सम्झौताको प्रतिलिप। पूर्वाधार निर्माणको हकमा कम्तिमा १० बर्षको करार सम्झौता।
११. ट्रयाक्टरबाट चल्ने यन्त्र/उपकरणको हकमा ट्रयाक्टरको ब्लू-बुक (आ.व. २०८२/८३ मा नविकरण भएको) अनिवार्य पेश गर्नुपर्ने।
१२. पुर्वाधार तथा निर्माण सम्बन्धी कार्यक्रमहरु सञ्चालनको लागि प्रस्तावकले लागत साझेदारी सुनिश्चितताको प्रतिबद्धता पत्र पेश गर्नुपर्नेछ।
१३. प्रस्तावकले समान प्रकृतिको कार्यक्रमका लागि अन्य कुनै सरकारी, गैरसरकारी संघ संस्थाबाट अनुदान सहयोग प्राप्त गरेको भए स्पष्ट रूपमा कार्यक्रम कार्यान्वयन एकाइलाई जानकारी गराउनु पर्नेछ। अन्य निकायहरुबाट सोही प्रकृतिको कार्यक्रमहरुबाट लाभान्वित नभएको र दोहोरो नपर्ने व्यहोरा सहितको प्रतिबद्धता पेश गर्नु पर्नेछ।
१४. जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रीकरण सहयोग कार्यक्रम सञ्चालनको लागि कार्यालयबाट अनुदान सहयोग हुने कृषिजन्य यन्त्र/उपकरणहरुको विस्तृत जानकारी कार्यालयको वेबसाईटबाट प्राप्त गर्न सकिनेछ।

**पुनश्चः आवेदन पेश गर्ने अन्तिम दिनमा सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिनसम्म आवेदन पेश गर्न सकिनेछ।**

**थप जानकारीको लागि कार्यालयको Website: kapilvastu.pmamp.gov.np फोन नं. ०७६५५०३४७, ९८५७०५२३४७, ९८५७०५४३४७ मा सम्पर्क राखु हुन अनुरोध छ।**

राजेश कुमार ओझा